# प्रभु बैंक लिमिटेड

## काठमाडौं ११, बबरमहल

## तेइसौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट) विवरण

**१. सभाको बैधानिकता र सभा सञ्चालन :**

यस प्रभु बैंक लिमिटेडको मिति २०८१/०९/०७ गते बसेको सञ्चालक समितिको तीन सय बासठ्ठीऔं बैठकको निर्णय अनुसार बोलाइएको तेइसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लिला प्रकाश सिटौलाज्यूको अध्यक्षतामा आज मिति २०८१ साल पुस २९ गते सोमबार तदनुसार सन् २०२५ जनवरी १३ तारेखका दिन बैंकको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११, बबरमहलमा बस्यो । पूर्व निर्धारित विषयहरु उपर बिहानको ११:०० बजेबाट राति ८:३० बजेसम्म छलफल भई देहाय बमोजिमका काम कारबाही सम्पन्न भयो । साधारण सभाका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना पठाइएको, बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५३.०३ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल ३,३७६ जना शेयरधनीहरु स्वयं तथा प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित भएकाले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम गणपूरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम उपस्थित शेयरधनीहरुले साधारण सभा बैधानिक भएको यकिन गरे पश्चात कम्पनी सचिवले सभा बैधानिक भएको कुरा अवगत गराउनु भयो ।

**२. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र बैंकको नियमावलीको नियम १८ (३) को प्रावधान बमोजिम शेयरधनी महानुभावहरुको उपस्थितिका लागि तेइसौं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान तथा छलफल हुने विषयहरु सहितको विवरण खुलाई मिति २०८१/०९/०८ गते र मिति २०८१/०९/०९ गते राष्ट्रियस्तरको राजधानी दैनिकमा दुई पटक सूचना प्रकाशन गरिएकोमा सो सूचना र साधारण सभासँग सम्बन्धित कागजात शेयरधनीहरुको दर्ता किताबमा उल्लिखित ठेगानामा पठाइनुका साथै, बैंकको वेवसाइट www.prabhubank.com मा राखिएको र सभामा उपस्थित शेयरधनीहरुले प्राप्त गर्ने गरी हाजिरी पुस्तिका राखिएको स्थानबाट समेत वितरण गरिएको थियो ।

**३. छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. आ.व.२०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८०/०८१ को वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विववरण र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व.२०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५. संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना समेत गरी ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

६. विविध ।

PRABHU BANK
Head Office

## ४. उपस्थिति :

### (क) सञ्चालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री लिला प्रकाश सिटौला | अध्यक्ष |
| २. श्री अंगिर मान सिंह | सञ्चालक |
| ३. श्री तारा मानन्धर | सञ्चालक |
| ४. श्री किशोर जङ्ग कार्की | सञ्चालक |
| ५. श्री अभिषेक बज्राचार्य | सञ्चालक |
| ६. श्री बृष बहादुर बस्नेत | सञ्चालक |

### (ख) उपस्थित विशेष अतिथिहरु :

| | |
|---|---|
| १. श्री देवी प्रकाश भट्टचन | पूर्व अध्यक्ष प्रभु बैंक लिमिटेड तथा माननीय सांसद संघीय संसद प्रतिनिधि सभा |

### (ग) उपस्थित अतिथिहरु :

| | |
|---|---|
| १. प्रा.डा. श्री राम प्रसाद दाहाल | पूर्व अध्यक्ष किष्ट बैंक लिमिटेड |
| २. श्री भावना बलायर | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| ३. श्री रामेश्वर सापकोटा | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| ४. श्री शंकर प्रसाद कालिकोटा | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| ५. श्री मन बहादुर राई | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| ६. श्री अम्बिका शर्मा लामिछाने | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| ७. श्री करुणा गोविन्द श्रेष्ठ | पूर्व अध्यक्ष वैभव फाइनान्स लिमिटेड |
| ८. श्री दिपक श्रेष्ठ | अध्यक्ष एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड |
| ९. वरिष्ठ अधिवक्ता श्री शम्भु थापा | कानूनी सल्लाहकार |
| १०. वरिष्ठ अधिवक्ता श्री भिमसेन बन्जारा | कानूनी सल्लाहकार |
| ११. श्री सुनिर कुमार ढुङ्गेल | प्रतिनिधि - एस.ए.आर.एशोसिएट्स, चार्टड एकाउन्टेन्टस् |

### (घ) उपस्थित बैंक (कम्पनी) का पदाधिकारीहरुको विवरण :

| | |
|---|---|
| १. श्री अशोक शेरचन | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित भण्डारी | कम्पनी सचिव |
| ३. श्री रेनु प्रसाद पाण्डेय | प्रमुख लेखापरिक्षण अधिकृत |
| ४. श्री चिरञ्जिवी बुढा क्षेत्री | प्रमुख वित्त अधिकृत |

### (ङ) उपस्थिति पर्यवेक्षक/प्रतिनिधिहरुको विवरण :

| | |
|---|---|
| १. श्री भिम प्रसाद पराजुली | कम्पनी रजिष्ट्रारको कार्यालय |

Prabhu Bank
Head Office

२. श्री नविन कुमार भट्टराई कम्पनी रजिष्ट्रारको कार्यालय

**५. गणपूरक संख्या प्रतिशत :**

| | |
|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या | २३,५४,२४,८९८.३२ |
| शेयरधनीहरुको कुल संख्या | ३,०३,४६० |
| संस्थापक शेयरधनीहरुको संख्या | २,१४१ |
| सर्वसाधारण शेयरधनीहरुको संख्या | ३,०१,३१९ |
| स्वयम् उपस्थित शेयरधनीहरुको संख्या | ८०० |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या | २,५७६ |
| कुल उपस्थित शेयरधनीहरुको संख्या | ३,३७६ |
| स्वयं उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | ४,४६,१३,१२८ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | ८,०२,३२,६३५ |
| कुल प्रतिनिधित्व भएको शेयर संख्या | १२,४८,४५,७६३ |
| शेयरधनीहरुले प्रतिनिधित्व गरेको शेयरको प्रतिशत | ५३.०३ प्रतिशत |

**६. सभा सञ्चालन :**

(क) उद्घोषक कम्पनी सचिवले सभालाई बैधानिकता प्रदान गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम साधारण सभाको सभापतित्व गर्न सञ्चालक समितिका अध्यक्ष श्री लिला प्रकाश सिटौलाज्यूलाई अनुरोध गर्नु भयो ।

(ख) सञ्चालक समितिका अध्यक्षज्य एवं सभाका सभापतिज्यूले साधारण सभामा उपस्थित विशेष अतिथि, बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, कानूनी सल्लाहकारहरु, बाह्य लेखापरीक्षक, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक तथा प्रतिनिधिहरु लगायत साधारण सभामा उपस्थित संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, पत्रकार एवं बैंकका कर्मचारीहरुले आसन ग्रहण गरे पश्चात पूर्व निर्धारित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि साधारण सभा सञ्चालन गर्न कम्पनी सचिवलाई अनुमति प्रदान गर्नु भयो ।

**७. प्रमुख कार्यकारी अधिकृतबाट स्वागत मन्तव्य :**

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अशोक शेरचनले सञ्चालक समितिका अध्यक्ष एवं तेइसौं वार्षिक साधारण सभाका सभापति, विषेश अतिथि, बैंकका सञ्चालकहरु, विभिन्न समयमा प्रभु बैंक लिमिटेडमा गाभिएका तथा बैंकले प्राप्ति (एक्विजिशन) गरेका बैंक तथा वित्तीय संस्थाका पूर्व अध्यक्षहरु, बैंकका पूर्व सञ्चालकहरु, कानूनी सल्लाहकार, बाह्य लेखापरीक्षक, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, साधारण सभामा उपस्थित संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, पत्रकार एवं बैंकका कर्मचारीबर्ग हरुलाई सभामा स्वागत गर्न पाउँदा आफू गौरवान्वित भएको जानकारी गराउँदै विगतमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्दै/प्राप्ति (एक्विजिशन) गर्दै अघि बढेको प्रभु बैंक लिमिटेडले विगतका वर्षहरुमा शेयरधनीहरुलाई लाभांश वितरण गर्ने गरेकोमा अघिल्लो वर्ष र यस वर्ष लाभांश वितरण गर्न नसकेको जानकारी गराउँदै लाभांश वितरण नगर्ने यो बैंक एक्लो नरहेको र लाभांश वितरण नगर्नुका विभिन्न कारणहरु रहेको प्रष्ट पार्दै नेपालको समग्र अर्थतन्त्र अत्यन्तै धीमा गतिमा चलिरहेकाले त्यसलाई चलायमान बनाउनका लागि बैंक, सरकार र निजी क्षेत्रबाट विभिन्न प्रयास भई रहेकोमा अर्थतन्त्र चलायमान भई लय समाउन अझै केही समय लाग्ने महसुश गरेको धारणा व्यक्त गर्नु भयो । देशको व्यावसायिक वातावरणमा उल्लेख्य सुधार हुन नसकेको कारणले साना, मझौला तथा ठूला सम्पूर्ण व्यवसायीहरुलाई प्रत्यक्ष

PRABHU BANK
Head Office

असर पारेको र त्यसबाट समग्र बैंकिङ्ग व्यवसायले नकारात्मक प्रभाव भोग्नु परेको हुँदा कर्जाको गुणस्तर खस्कन थालेको विद्यमान अवस्था बैंकिङ्ग क्षेत्रका लागि अप्रिय भएतापनि व्यवसायीहरुलाई बचाउँदै आफू पनि बाँच्ने अवस्था सिर्जना गर्न बैंक प्रयत्नरत रहेको र बैंकका विभिन्न सूचकाङ्कहरु सदृढ हुँदै गएको जानकारी गराउनु भयो । देशका विभिन्न ७६ वटा जिल्लामा बैंकको शाखा रहेकामा आगामी महिना दार्चुला जिल्लामा शाखा स्थापना गरेपश्चात देशभरका सम्पूर्ण ७७ जिल्लामा बैंकको उपस्थिति रहने जानकारी गराउँदै डिजिटल बैंकिङ्गका विभिन्न माध्यमबाट कारोबार हुने वर्तमान समयमा भौतिकरुपमा शाखामा उपस्थित भई बैंकको सेवा लिनु पर्ने आवश्यकता नभएतापनि विशेषगरी देशको सामाजिक एवं भौगोलिक अवस्थाका कारणले गर्दा शाखा खोल्नु पर्ने आवश्यकता महशुस हुने गरेकोमा नेपालको विभिन्न भागमा बैंकको पँहुच पुगी सकेको हुँदा आगामी दिनमा नयाँ शाखा खोल्ने कार्यलाई महत्व नदिईने बिचार व्यक्त गर्नु भयो । बैकिङ्ग क्षेत्रमै संवेदनशीलरुपमा रहेको Syber Security का सम्बन्धमा प्रकाश पार्दै त्यसलाई सुरक्षित बनाउन बैंकले उपयुक्त रणनीति अवलम्बन गरी काम गरिरहेको जानकारी गराउँदै सरकारले ६ महिना पुरा हुन लाग्दासमेत २० प्रतिशतको हाराहारीमा पूँजीगत खर्च गरेको कारणले अर्थतन्त्र चलायमान हुन नसकेको अनुमान गरिएको, लाभग्राहीहरुले सामाजिक सुरक्षा कोषबाट प्राप्त गर्नु पर्ने रकम यथासमयमै प्राप्त नगरेको, साना, मझौला तथा ठूला सम्पूर्ण व्यवसायीहरुलाई अत्यन्तै गाह्रो परेको वर्तमान अवस्थामा बैंकले संयमताका साथ काम गरिरहेको जानकारी गराउँदै आगामी सुनौला दिनको आशा गर्दै शेयरधनीहरुबाट प्राप्त हुने अमुल्य सुझावहरुलाई यथासंभव कार्यान्वयन गरिने प्रतिवद्धता सहित सभामा भाग लिने सम्पूर्ण महानुभावहरुलाई पुनः स्वागत गर्दै वार्षिक साधारण सभा भव्यरुपमा सफल पार्न अनुरोध गर्नु भयो ।

८. **शुभकामना मन्तव्य :**

(क) **अतिथि प्रा.डा. श्री राम प्रसाद दाहालबाट शुभकामना मन्तव्य** :

सावিক किष्ट बैंक लिमिटेडका अध्यक्ष एवं बैंकका शेयरधनी प्रा.डा. श्री राम प्रसाद दाहालले सञ्चालक समितिका अध्यक्ष एवं तेइसौं वार्षिक साधारण सभाका सभापति, विषेश अतिथि, बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, पत्रकार एवं बैंकका कर्मचारीहरुलाई संवोधन गर्दै प्रभाती किरणले दिनभरीको संकेत गरेझैं बढ्दो उमेरको यस बैंकले आगामी दिनमा राष्ट्रलाई महत्वपूर्ण योगदान पुऱ्याउँदै शेयरधनीहरुलाई उचित प्रतिफल वितरण गर्न सकोस भन्ने कामना गर्दै देशको अर्थतन्त्र, राज्यको विद्यमान अवस्था साथै, विकट परिस्थितिका बावजुद तथ्याङ्कका आधारमा मुल्याङ्कन गर्दा बैंक सकारात्मक बाटोतर्फ अगाडि बढिरहेको प्रष्ट भएकोमा नेतृत्वकर्ताको भूमिकाबाट संस्थाले छलाङ मार्न भएकाले सोही अनुरुप नेतृत्वकर्ताको पहलकदमीबाट संस्थाले नतिजा प्राप्त गरोस भन्दै शान्त एवं संयमितरुपमा अगाडि बढ्दै गरेको यस बैंकले आफ्नो छुट्टै पहिचान कायम गर्न सफलता प्राप्त गरी अझ सक्षम तथा सुदृढ बनोस भन्ने कामना गर्दै तेइसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

(ख) **विशेष अतिथि माननीय सांसद श्री देवी प्रकाश भट्टचनबाट शुभकामना मन्तव्य** :

बैंकका पूर्व अध्यक्ष एवं शेयरधनी माननीय सांसद श्री देवी प्रकाश भट्टचनले सञ्चालक समितिका अध्यक्ष एवं तेइसौं वार्षिक साधारण सभाका सभापति, बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, पत्रकार एवं बैंकका कर्मचारीहरुलाई संवोधन गर्दै नेपाल राष्ट्र बैंकले नीतिगत व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाहरुलाई एक आपसमा गाभ्न/गाभिन तथा प्राप्ति (एक्विजिशन) गर्न प्रोत्साहन गरे बमोजिम प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरी कारोबार सुरु गरेपश्चात बैंकको शेयरधनी एवं ग्राहक संख्या, शाखा सञ्जाल र पूँजीका कारणले गर्दा आफूलाई सबल एवं उत्कृष्ट बैंककोरुपमा स्थापित गरेकाले सोही अनुरुप शेयरधनीहरुको लाभांश प्राप्त गर्ने आशा रहेकोमा विभिन्न कारणले गर्दा बैंकले लाभांश वितरण गर्न नसकेको परिप्रेक्षमा कर्मचारीहरु दत्तचित्त भई काम गरी शेयरधनीहरुको आशालाई सार्थकतामा परिणत गर्ने सफलता प्राप्त होस भन्ने कामना गर्दै तेइसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

PRABHU BANK
Head Office

९. **सभामा प्रस्तावहरुको प्रस्तुति :**

(क) सभामा सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूले बैंकको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

(ख) सभामा उद्घोषण गरिरहनु भएका कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूको आदेश बमोजिम शेयरधनी महानुभावहरुलाई माथि ३ नंबरमा उल्लेख गरिएका छलफलका विषयहरु उपर छलफल गरी निर्णय गर्न फ्लोर (Floor) खुला गरेको जानकारी गराउँदै छलफलको कार्यक्रम अघि बढाउन अनुरोध गर्नु भयो ।

१०. **शेयरधनीहरुबाट सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य :**

सञ्चालक समितिका अध्यक्ष एवं वार्षिक साधारण सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको आ.व.२०८०/०८१ को प्रतिवेदनको प्रस्तुति पश्चात सभामा प्रस्तुत निर्धारित प्रस्तावहरु उपर छलफल गर्न शेयरधनीहरु श्री उत्तमदत्त पाण्डे, प्रा.डा. श्री नवल किशोर राई, मेजर श्री कुवेर श्रेष्ठ, श्री राम गोपाल महर्जन, श्री सिर्जना वाग्ले, श्री गोगन बहादुर पराजुली, श्री बलराम प्रजापती र श्री सौरभ भण्डारीसमेत ८ जनाले स्यवं उपस्थित भई तथा शेयरधनीहरु श्री नरसिंह लाल चखूँ, श्री लभराज जोशी, श्री चन्द्र नारायण श्रेष्ठ, श्री ध्रुवराज न्यौपाने, श्री निरुपमा गुप्ता, श्री दिवाकर खड्का, श्री उत्सव सुन्दर श्रेष्ठ, श्री सुदिप श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री ब्यास कुमार शर्मा, श्री कृष्ण प्रसाद अधिकारी, श्री सत्रुघन श्रेष्ठ र श्री महेन्द्र बहादुर श्रेष्ठसमेत १३ जनाले लिखितरुपमा बैंकको सञ्चालक समितिका अध्यक्ष एवं तेइसौं वार्षिक साधारण सभाका सभापति, विषेश अतिथि, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, पत्रकार, बैंकका कर्मचारी लगायत साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई संवोधन गर्दै तेइसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना सहित आ-आफ्नो राय सुझाव, जिज्ञासा सहितका मन्तव्य व्यक्त गर्नु भयो ।

बैंकले प्रचलित कम्पनी ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्रै वार्षिक साधारण सभा बोलाएकोमा धन्वाद दिंदै आगामी वर्षदेखि समयमै लेखापरीक्षण कार्य सम्पन्न गराई संभव भएसम्म दशैं अगावै साधारण सभा गर्न सुझाव दिंदै पुस महिनाको अन्त्यमा साधारण सभा गर्दा अधिकांश कम्पनीको साधारण सभा एकै दिन पर्ने भएकाले त्यसलाई बिचार गर्नु पर्ने, अघिल्लो वर्ष पनि बैंकले लाभांश वितरण नगरेकोमा आ.व.२०८०/०८१ मा समेत शेयरधनीहरुको प्रमुख चासोको रुपमा रहेको लाभांश वितरण सम्बन्धी प्रस्ताव नरहेकाले शेयरधनीहरुलाई न्याय प्राप्त नभएको गुनासो व्यक्त गर्नु भयो । विश्व अर्थतन्त्रमा सुधार आएको भएतापनि देशको औद्योगिक एवं व्यावसायिक वातावरणमा सुधार नभएकाले नेपालको आर्थिक गतिविधि शिथिल एवं निराशाजनक रहेको र अपेक्षितरुपमा सुधार नभएकाले बैंकिङ्ग क्षेत्रमा अधिक तरलता कायम भई ब्याजदर निरन्तररुपमा ओरालो लाग्दासमेत कर्जाको माग बढ्न नसक्नु, सरकारले पूँजीगत खर्च गर्न नसक्नु र सार्वजनिक निर्माण व्यवसायीहरुलाई भुक्तानी गर्नु पर्ने रकम समयमै भुक्तानी नगरेका कारणले गर्दा नेपालको अर्थतन्त्र मन्द गतिमा चलिरहेको अवस्था भएतापनि तथ्याङ्कका आधारमा मध्यनजर गर्दा बैंकको अधिकांश सूचकाङ्कहरु सकारात्मक रहेको देखिन्छ । कसिलो मौद्रिक नीति र त्यसको पहिलो त्रैमासिक अवधिको पुनरावलोकनमा सार्वजनिक निर्माण व्यवसायीहरुलाई कर्जा चुक्ता गर्ने अवधि थप नहुनु, विभिन्न अराजक समूहहरुले कर्जा नतिर्न अफवाह फैलाउनु जस्ता विविध कारणले गर्दा अधिकांश बैंकको निष्कृय कर्जा (Non Performing Loan) बढि भएको र यस बैंकको निष्कृय कर्जा पनि बढी भएको देखिएकाले त्यसलाई घटाई नाफा बढाउनका लागि विशेष ध्यान दिनु पर्ने, खुद ब्याज आम्दानी (Net Interest Income) सन्तोषजनक देखिएतापनि नाफा बढाउन सकेको अवस्था नदेखिएको हुँदा नाफा बढाएर आगामी वर्ष लाभांश बाँडिनु पर्ने, Impairment Charge अत्याधिक बढेको देखिएकाले त्यसलाई फिर्ता गर्नका लागि Loan Loss Provision घटाउन उपयुक्त रणनीति तय गरी कार्य गर्न विशेष गरी सञ्चालक समिति र बैंक व्यवस्थापनलाई सुझाव दिनु भयो । बैंकको आ.व.२०८०/०८१ को अपरिष्कृत वित्तीय विवरण र नेपाल राष्ट्र बैंकबाट स्वीकृत वित्तीय विवरणमा ठूलो अन्तर देखिएकाले त्यस सम्बन्धमा स्पष्ट पार्न, संस्थागत सुशासनलाई मध्यनजर गर्दै काम कारोबार गर्न, बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न

PRABHU BANK
Head Office

किसिमका काम गरिरहेकोमा त्यसलाई निरन्तरता दिंदै त्यस्ता कार्य गर्दा बैंकको Branding का लागि उपयोग गर्न, बैंकले सकार गरेको गैर बैंकिङ्ग सम्पत्ति (Non Banking Assets) र अपलेखन (Write Off) गरेको कर्जाका सम्बन्धमा वासलातमा उल्लेख गरेको नपाइएको हुँदा आगामी वर्षदेखि स्पष्टरुपमा उल्लेख गर्न, अत्यावश्यक अवस्थामा बाहेक धितो सकार नगर्न र कर्जा अपलेखन नगर्न साथै, अपलेखन गरिएको कर्जा असुल उपर गर्न र सकार गरेको गैर बैंकिङ्ग सम्पत्ति यथाशक्य बिक्री गरी नाफा वृद्धि गर्ने तर्फ विषेश ध्यान पुऱ्याउन सुझाव दिनु भयो । अघिल्लो वर्षकोभन्दा प्रति शेयर आम्दानी र नेटवर्थ बढेको देखिएतापनि अझै वृद्धि गर्नका लागि निरन्तररुपमा पहलकदमी गर्न, असल कर्जा वृद्धि गरी नाफा बढाउन ध्यानाकर्षण गराउँदै बैंकको प्रतिस्पर्धात्मक क्षमता विकास गरी लगानीको क्षेत्र विस्तार गर्नु पर्ने, वित्तीय क्षेत्रमा विभिन्न प्रकारका जोखिम बढिरहेकाले संभावित जोखिम न्यूनिकरण गर्नु पर्ने, ठूलो संख्यामा बैंकको शाखा भएकाले प्रत्येक शाखालाई नाफामूखी बनाउनु पर्ने, आन्तरिक नियन्त्रण प्रणाली अझै सुदृढ गरी कर्मचारीहरुका गतिविधिहरु सुक्ष्मरुपमा निगरानी गर्नु पर्ने, कर्मचारीहरुलाई समयसापेक्ष तालिम प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने, वासलात बाहिरको कारोबारबाट आम्दानी वृद्धि गरी नाफा बढाउन ध्यान दिनु पर्ने र अन्य सञ्चालन खर्च नियन्त्रण गरी नाफा वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउन सुझाव दिनु भयो । शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम ठूलो देखिएकाले सो रकम निजहरुलाई बुझाउन समय समयमा सूचना प्रकाशन गरिनु पर्ने, उठ्न बाँकी रहेको ब्याज उठाउन विशेष पहल गर्नु पर्ने र बैंकका गतिविधिहरु समयमै वेवसाइटमा राखी सरोकारबालाहरुलाई सूचीत गर्ने व्यवस्था मिलाउन सुझाव दिनु भयो ।

## ११. <u>सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य उपर अध्यक्षज्यूको जवाफ</u> :

यस बैंकको गरिमामय तेइसौं वार्षिक साधारण सभामा ८ जना शेयरधनीहरुले स्यवं उपस्थित भएर तथा १३ जना शेयरधनीहरुले लिखितरुपमा आफ्ना राय सुझाव, जिज्ञासा सहितका सान्दर्भिक एवं मननयोग्य मन्तव्य व्यक्त गर्नु भएको, मन्तव्य व्यक्त गर्ने क्रममा सम्पूर्ण शेयरधनी महानुभावहरुले बैंकले प्रचलित कम्पनी ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्रै वार्षिक साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद दिंदै आगामी दिनमा समयमै लेखापरीक्षण कार्य सम्पन्न गराई संभव भए दशैं अगावै वार्षिक साधारण सभा सम्पन्न गर्न र निरन्तररुपमा २ वर्ष लाभांश वितरण नगरेकाले आगामी वर्षदेखि लाभांश वितरण गर्नु पर्ने सुझाव प्रस्तुत गर्नु भएकोमा त्यसलाई आफूले सकारात्मकरुपमा लिएको जानकारी गराउँदै सक्रियरुपमा साधारण सभामा भाग लिई आफ्नो राय सुझाव, जिज्ञासा सहितको मन्तव्य व्यक्त गर्ने र लिखितरुपमा आफ्नो राय सुझाव, जिज्ञासा सहितको मन्तव्य व्यक्त गर्ने शेयरधनी साथै, सभामा उपस्थित शेयरधनी महानुभाव लगायतका सम्पूर्ण व्यक्तिहरुलाई धन्यवाद प्रदान गर्नु भयो ।

विगत केही समयदेखि देशको औद्योगिक एवं व्यावसायिक वातावरणमा सुधार नभएको हुँदा आर्थिक गतिविधि शिथिल भई बैंकहरुको नाफा गर्ने क्षमतामा ह्रास आएको जानकारी गराउँदै नीजि क्षेत्रहरुको कमजोर मनोवलले गर्दा अधिक तरलता कायम भई निरन्तररुपमा ब्याजदर ओरालो लाग्दासमेत कर्जाको माग नबढ्नु, साँवा तथा ब्याज असुलीमा देखिएको समस्या र विभिन्न नीतिगत कारणले गर्दा अन्य आयहरुमा आएको संकुचन, पर्याप्तमात्रामा विकास निर्माणका गतिविधि बढ्न नसक्नु, उत्पादन र उपभोगमा आएको कमी, सहकारीमा देखिएको समस्या जस्ता विविध कारणले अर्थतन्त्रमा सुधार आउन अझै केही समय लाग्ने भएकाले अहिलेको अवस्थामा तत्काले चमत्कारिक परिवर्तन हुन सक्ने संभावना न्युन रहेको विचार व्यक्त गर्दै नेपाल राष्ट्र बैंकले गरेको नीतिगत व्यवस्था परिपालना गर्ने सन्दर्भमा बैंकको शाखा नरहेका दुरदराजका विभिन्न पालिकाहरुमा शाखा खोलिएकोमा संभव भएसम्म एकै स्थानमा दोहोरिएका शाखा गाभ्दै खर्च घटाउने प्रयास गरिने, कर्मचारीको संख्या ठूलो भएको महसुस गरी त्यसलाई व्यस्थापन गर्न २ पटक स्वेच्छिक अवकाश योजना लागू गरिएकोमा आवश्यक भएको अवस्थामा त्यसलाई पुनर्बिचार गरिने व्यहोरा जानकारी गराउनु भयो । बैंकले नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सम्पूर्ण मापदण्ड पुरा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard) ले निर्धारण गरेको ढाँचा बमोजिम तयार गरिएको वित्तीय विवरण पारदर्शी हुने हुँदा बैंक सक्षम एवं सुदृढ भएको व्यहोरा सभालाई जानकारी गराउनु भयो । मुख्यतया देशको वर्तमान अवस्थामा बैंकको निष्कृय कर्जा (Non Performing Loan) बढेको कारणले गर्दा Loan Loss Provision मा बढोत्तरी भएको व्यहोरा प्रकाश

PRABHU BANK
Head Office

पार्दै त्यो क्षणिक भएकाले त्यसरी छुट्याइएको रकमलाई नोक्सानीको रुपमा नबुझ्न र सोमध्ये २० प्रतिशतमात्र रकम फिर्ता गर्न सकेको अवस्थामा तत्काल प्रति शेयर आम्दानीमा वृद्धि हुने निश्चितप्राय रहेकाले बैंक कमजोर नभई सुदृढ रहेको व्यहोरा जानकारी गराउँदै बैंकको खुद ब्याज आम्दानी (Net Interest Income) सन्तोषजनक देखिएतापनि त्यसलाई अझै बढाउन प्रयास गरिने, नाफा बढाएर आगामी वर्ष लाभांश बाँडने प्रयास गरिने, Loan Loss Provision बढेकोमा त्यसलाई फिर्ता गर्नका लागि निष्कृय कर्जा असुल उपर गर्ने तर्फ विशेष ध्यान दिईने, साना कर्जा वृद्धि गरी नाफा बढाउन प्रयास गरिने जानकारी गराउँदै बैंकले सदैव संस्थागत सुशासनलाई मध्यनजर गर्दै काम कारोबार गर्ने गरेको, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न किसिमका काम गरिरहेकोमा त्यसलाई निरन्तरता दिईने, बैंकको प्रतिस्पर्धात्मक क्षमताको विकास गरी लगानीको क्षेत्र विस्तार गरिने, संभावित वित्तीय जोखिम न्यूनिकरण गर्न पहल गरिने, प्रत्येक शाखालाई नाफामूखी बनाउन पहल गरिने, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी कर्मचारीहरुका गतिविधिहरु सुक्ष्मरुपमा निगरानी गर्ने गरिएकोमा त्यसलाई निरन्तरता दिईने, कर्मचारीहरुलाई समयसापेक्ष विभिन्न प्रकारका तालिम प्रदान गर्ने गरिएकोमा त्यसलाई निरन्तरता प्रदान गरिने व्यहोरा जानकारी गराउनु भयो । वासलात बाहिरको कारोबारबाट आम्दानी वृद्धि गरी नाफा बढाउन ध्यान दिइने, अन्य सञ्चालन खर्च नियन्त्रण गरी नाफा वृद्धि गर्नेतर्फ ध्यान पुर्‍याउने, अपलेखन (Write Off) गरेको कर्जा र सकार गरेको गैह्र बैंकिङ्ग सम्पत्ति (Non Banking Assets) का सम्बन्धमा आगामी वर्षदेखि स्पष्टरुपमा वासलातमा उल्लेख गरिने, साना साना कर्जा अपलेखन गर्ने गरिएकोमा अपलेखन गरिएका कर्जा असुल उपर गर्न र सकार गरेको गैह्र बैंकिङ्ग सम्पत्ति (Non Banking Assets) बिक्री गर्न प्रयासरत रहेको, शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम निजहरुलाई बुझाउन समय समयमा सूचना प्रकाशन गर्ने गरिएको, उठ्न बाँकी रहेको ब्याज उठाउन विशेष पहल गरिरहेको र बैंकका गतिविधिहरु समयमै वेवसाइटमा राख्ने व्यवस्था मिलाउने जानकारी गराउँदै शेयरधनीहरुबाट प्राप्त हुन आएका अन्य अमूल्य सुझावहरुलाई आगामी दिनमा यथासंभव कार्यान्वयन गरिने व्यहोरा समेत जानकारी गराउनु भयो ।

## १२. साधारण सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव तर्फ :

१. आ.व.२०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८०/०८१ को वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व.२०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गर्दा लेखापरीक्षण समितिले बैंकको आ.व.२०८१/०८२ को लेखापरीक्षण गर्न विभिन्न चार्टर्ड एकाउन्टेन्टस् फर्महरुसँग प्रस्ताव माग गर्दा एस.ए.आर.एशोसिएट्स, बिशालनगर, काठमाडौं, सुजन काफ्ले एण्ड एशोसिएट्स, बिशालनगर, काठमाडौं र एमआरयु एशोसिएट्स, बनस्थली, काठमाडौंबाट प्राप्त भएका प्रस्तावको प्राविधिक एवं आर्थिक विश्लेषण् गर्दा चार्टर्ड एकाउन्टेन्टस् एस.ए.आर. एशोसिएट्स, बिशालनगर, काठमाडौ नियुक्तीका लागि सर्वाधिक उपयुक्त देखिएकाले सो फर्मलाई आ.व.२०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्न सिफारिस गरेको हुँदा आ.व.२०८१/०८२ को लेखापरीक्षण गर्न चार्टर्ड एकाउण्टेण्टस् एस.ए.आर.एशोसिएट्स, बिशालनगर, काठमाडौलाई लेखापरीक्षण शुल्क मूल्य अभिवृद्धि कर बाहेक रु.४१,००,०००/- (रु.एकचालीस लाख मात्र) र

PRABHU BANK
Head Office

अन्य खर्च मुल्य अभिवृद्धि कर बाहेक रु.५०,०००/- (रु.पचास हजार मात्र) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्त गर्ने निर्णय गरियो ।

५. संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना समेत गरी ६ (छ) जना सञ्चालकहरुको निर्वाचनका सम्बन्धमा जानकारी गराउन साधारण सभाका सभापतिज्यूले निर्वाचन अधिकृत अधिवक्ता श्री बिपिन कोइरालालाई अनुरोध गर्नु भएकोमा निर्वाचन अधिकृतले बैंकले आफूलाई निर्वाचन अधिकृत नियुक्त गरी महत्वपूर्ण जिम्मेबारी प्रदान गरेकोमा धन्यवाद प्रदान गर्दै सञ्चालकहरुको निर्वाचनका सम्बन्धमा पुरा गरिएका कार्यहरुको बारेमा जानकारी गराई निर्वाचन पश्चात संस्थापक समूहबाट श्री अंगिर मान सिंह (प्रतिनिधी- क्लाउड मण्डप प्रा.लि.), श्री बृष बहादुर बस्नेत र श्री अम्बिका शर्मा लामिछाने तथा सर्वसाधारण समूहबाट श्री किशोर जङ्ग कार्की (प्रतिनिधी- लिगलिग इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.), श्री सुरज कुमार श्रेष्ठ (प्रतिनिधी- लिवर्टी होल्डिङ्स प्रा.लि.) र श्री राजु पौडेल निर्वाचित भएको घोषणा गरी नवनिर्वाचित सञ्चालकहरुलाई आगामी कार्यकालका लागि सफलताको शुभकामना प्रदान गर्नु भयो ।

**१३.** सभाको अन्त्यमा सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूले विशेष अतिथि, सञ्चालक समितिका पदाधिकारी, अतिथिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, कानूनी सल्लाहकार, बाह्य लेखापरीक्षक, ग्राहकवर्ग, बैंकका शुभचिन्तक लगायत उपस्थित सम्पूर्ण व्यक्तिहरुप्रति आभार व्यक्त गर्दै तेइसौं वार्षिक साधारण सभामा सहभागी भई आफ्ना प्रश्न, जिज्ञासा तथा अमूल्य सुझाव प्रस्तुत गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गर्नु हुने शेयरधनी महानुभावहरु, पत्रकार तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद प्रदान गर्दै तेइसौं वार्षिक साधारण सभा समापन गर्नु भयो ।

PRABHU BANK
Head Office

अमित भण्डारी
कम्पनी सचिव
मिति : २०८१/०९/२९

लिला प्रकाश सिटौला
अध्यक्ष